# सरल नियमन र प्रभावकारी सुपरिवेक्षणमार्फत वित्तीय स्थायित्व कायम गर्दै उच्च आर्थिक वृद्धिमा सहयोग पुऱ्याउन नेपाल राष्ट्र बैंक प्रतिबद्ध*



**– प्रा.डा. विश्वनाथ पौडेल, गभर्नर**

१. नेपाल राष्ट्र बैंक आज २०८३ वैशाख १४ बाट ७० वर्ष पूरा गरी ७१ औँ वर्षमा प्रवेश गरेको छ । सात दशकको यस गरिमामय यात्रामा यस बैंकले आफ्नो उद्देश्यअनुरूप मूल्य, बाह्य क्षेत्र एवम् वित्तीय स्थायित्व कायम गर्दै वित्तीय पहुँच अभिवृद्धि र भुक्तानी प्रणालीको विकासमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ । फलस्वरूप, यस बैंकप्रति सर्वसाधारण एवम् सरोकारवालाको विश्वसनीयता अझ प्रगाढ हुँदै गएको छ । बैंक स्थापना दिवसको यस विशेष अवसरमा बैंकको उद्देश्य प्राप्तिका लागि महत्त्वपूर्ण योगदान पुऱ्याउने नेपाल सरकार, सञ्चालक समितिका सदस्यज्यूहरू, पूर्व गभर्नरज्यूहरू, बैंकका पूर्व र बहालवाला कर्मचारीहरू र अन्तर्राष्ट्रिय निकाय एवम् सरोकारवाला सबैमा हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

२. २०८२ फागुन २१ मा सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमार्फत मुलुकमा एकल दलको स्पष्ट बहुमत सहितको सरकार बनेको छ । यसबाट राजनीतिक, नीतिगत तथा प्रशासकीय स्थिरता भई समृद्धितर्फको यात्रामा मुलुकले प्रगति हासिल गर्ने विश्वास लिएको छु ।

३. मुलुकको समष्टिगत आर्थिक परिसूचकहरुमध्ये मूल्य, बाह्य क्षेत्र र वित्तीय परिसूचकहरू सन्तोषजनक छन् । उपभोक्ता मुद्रास्फीति मौद्रिक नीतिको लक्ष्यभित्रै रहेको छ भने शोधनान्तर बचत थप सुदृढ हुँदै गएको छ । वित्तीय क्षेत्रमा निष्क्रिय कर्जाको अनुपात केही बढेको भएतापनि आर्थिक गतिविधि थप चलायमान भएसँगै यसमा सुधार आउने अपेक्षा गरिएको छ ।

४. नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुसार समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने सन्दर्भमा बैंकले मौद्रिक, बैंकिङ र विदेशी विनिमयसँग सम्बन्धित नीतिहरू समयानुकूल परिमार्जन/तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ । मौद्रिक नीतिलाई तथ्य र नियममा आधारित बनाउँदै लगिएको छ । मौद्रिक नीतिको कार्यान्वयनमा सञ्चालन लक्ष्य भारित औसत अन्तरबैंक दर र प्रमुख कार्यान्वयन संरचनामा ब्याजदर करिडोर कायम गरी मौद्रिक नीतिको कार्यान्वयन पारदर्शी र बजार अनुमानयोग्य बनाइएको छ । यस्तो संरचनाबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्न सहज हुने विश्वास लिएको छु ।

५. वित्तीय प्रणालीमा कर्जाको माग न्यून रहेको तर निक्षेप परिचालनको वृद्धि सन्तोषजनक रहेकोले अधिक तरलता र न्यून ब्याजदरको स्थिति छ भने ब्याजदरको उतारचढाव न्यून हुँदै गएको छ । निक्षेप र कर्जाबीचको भारित औसत ब्याजदर अन्तर न्यून रहेको छ । समग्रमा

* नेपाल राष्ट्र बैंकको ७१ औँ वार्षिकोत्सवका अवसरमा गभर्नर प्रा.डा. विश्वनाथ पौडेलज्यूले दिनुभएको मन्तव्यको पूर्ण विवरण ।

वित्तीय प्रणालीबाट निजी क्षेत्र र सरकारलाई न्यून ब्याजदरमा वित्तीय साधन परिचलन गर्ने अवसर सिर्जना भएको छ।

६. नेपालले वित्तीय विकासमा उल्लेख्य प्रगति हासिल गर्दै गएको छ। वित्तीय गहिराइ, वित्तीय पहुँच र वित्तीय साक्षरताको स्तर उल्लेख्य मात्रामा बढ्दै गएको छ। वित्तीय सबलीकरण गर्ने क्रममा बैंक तथा वित्तीय संस्थाको सङ्ख्या घटे तापनि विद्युतीय भुक्तानी प्रणालीको विकासका कारण वित्तीय सेवाको पहुँच विस्तार हुँदै गएको छ। वित्तीय ग्राहक संरक्षणमा यस बैंकले पहलकदमी बढाउँदै लगेको छ।

## नीतिगत सुधार, नवप्रवर्तन र प्रभावकारी सुपरिवेक्षण

७. बैंक तथा वित्तीय क्षेत्रमा थप सुधारको आवश्यकता मैले महसुस गरेको छु। चालु आर्थिक वर्षको मौद्रिक नीतिमा उल्लेख गरिएअनुसार अतिरिक्त नियमनहरू खुकुलो बनाउँदै अन्तर्राष्ट्रिय असल अभ्यास अनुरूप सरल नियमन र सुदृढ सुपरिवेक्षणमा जोड दिइएको छ। मुलुकभित्र लगानीको वातावरण सुधार गर्दै पुँजीलाई उत्पादनशील क्षेत्रमा आकर्षित गर्नतर्फ ध्यान दिइएको छ। यस क्रममा बैंक तथा वित्तीय संस्थाले तोकिएको क्षेत्रमा प्रवाह गर्नुपर्ने कर्जा सीमालाई घटाइएको छ भने दायरा विस्तार गरिएको छ। चालु पुँजी कर्जासम्बन्धी मापदण्डलाई थप सहज बनाइएको छ। वित्त कम्पनीको निक्षेप सङ्कलन सीमा खारेज गरिएको छ। संस्थागत र व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर अन्तर खारेज गरिएको छ। मार्जिन प्रकृतिका कर्जाको सीमा हटाइएको छ। यसै गरी, बैंक तथा वित्तीय संस्थाको सुपरिवेक्षणलाई सुदृढीकरण गर्ने उद्देश्यले DSIB Framework जारी गरिएको छ। Internal Liquidity Adequacy Assessment Process (ILAAP) व्यवस्थाको कार्यान्वयनका लागि कार्यदल गठन गरिएको एवम् १० ठूला वाणिज्य बैंकको Asset Quality Review सम्पन्न भएको छ। स्व:नियमन र सुदृढ सुपरिवेक्षणका माध्यमबाट वित्तीय कुशलता र स्थायित्व हासिल गर्नु यस बैंकको प्राथमिकता रहेको छ।

८. पछिल्लो समय, खासगरी कोभिड महामारीपश्चात् विद्युतीय भुक्तानी प्रणालीको विकासमा उल्लेख्य प्रगति भएको छ। यसबाट नागरिक, सरकार र निजी क्षेत्रबीच हुने कारोबार र सोको भुक्तानी सहज हुनुका साथै वित्तीय पहुँच अभिवृद्धिमा समेत उल्लेख्य सहयोग पुगेको छ। मोबाइल बैंकिङ, क्यूआर भुक्तानीलगायतका विद्युतीय भुक्तानीमा नेपालले तुलनात्मक रूपमा उल्लेख्य प्रगति हासिल गरेको छ भने आधुनिक भुक्तानी प्रणाली, वित्तीय नवप्रवर्तन र फिनटेक विकासका कार्यहरू निरन्तर भइरहेका छन्।

९. समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै मुलुकमा दिगो र समावेशी आर्थिक वृद्धिलाई सहयोग पुर्‍याउने नेपाल राष्ट्र बैंकको प्रतिबद्धता अटल छ। सरल नियमन, प्रभावकारी सुपरिवेक्षण, नीतिगत सुधार तथा प्रविधिमैत्री वित्तीय प्रणालीमार्फत मुलुकको आर्थिक समृद्धिमा योगदान पुर्‍याउने हाम्रो प्रयास निरन्तर रहनेछ।

## समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

### विश्व अर्थतन्त्रको अवस्था

१०. अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) को २०२६ अप्रिलको अद्यावधिक World Economic Outlook (WEO) का अनुसार विश्व अर्थतन्त्र बढ्दो अनिश्चितता र जोखिममा रहेको छ।

पश्चिम एसियामा जारी भूराजनीतिक तनाव र यसबाट सिर्जित आपूर्ति अवरोध एवम् इन्धनको मूल्य उतारचढावले विश्व अर्थतन्त्र प्रभावित भएको छ। द्वन्द्वको असर विकासोन्मुख देशहरूमा अझ बढी हुने अनुमान छ।

११. मुद्रा कोषका अनुसार विश्वको आर्थिक वृद्धि सन् २०२५ मा ३.४ प्रतिशत रहेकोमा पश्चिम एसियामा जारी द्वन्द्व छोटो अवधि र दायरामा सीमित रहेको खण्डमा सन् २०२६ मा ३.१ प्रतिशत र २०२७ मा ३.२ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ। यद्यपि, प्रविधि तथा Artificial Intelligence जस्ता क्षेत्रबाट उत्पादकत्व वृद्धि भएमा सकारात्मक प्रभाव देखिने सम्भावना छ।

१२. विकसित देशहरूको अर्थतन्त्र सन् २०२५ मा १.९ प्रतिशतले वृद्धि भएकोमा सन् २०२६ मा १.८ प्रतिशतले वृद्धि हुने प्रक्षेपण छ। यसै गरी, सन् २०२५ मा ४.४ प्रतिशतले वृद्धि भएको उदीयमान तथा विकासशील देशहरूको अर्थतन्त्र सन् २०२६ मा ३.९ प्रतिशतले वृद्धि हुने कोषको प्रक्षेपण छ। सन् २०२६ मा छिमेकी मुलुकहरू भारत र चीनको अर्थतन्त्र क्रमश: ६.५ प्रतिशत र ४.४ प्रतिशतले वृद्धि हुने प्रक्षेपण कोषले गरेको छ।

१३. विश्वका विकसित मुलुकहरूको मुद्रास्फीति दर सन् २०२५ मा २.५ प्रतिशत रहेकोमा सन् २०२६ र सन् २०२७ मा क्रमश: २.८ प्रतिशत र २.२ प्रतिशत रहने कोषको प्रक्षेपण छ। यसै गरी, उदीयमान तथा विकासशील मुलुकहरूको मुद्रास्फीति दर सन् २०२५ मा ५.२ प्रतिशत रहेकोमा सन् २०२६ र सन् २०२७ मा क्रमश: ५.५ र ४.६ प्रतिशत रहने प्रक्षेपण कोषले गरेको छ। उदीयमान तथा विकासशील मुलुकहरू खासगरी पहिल्यै कमजोर अवस्थामा रहेका र आयातमा निर्भर अर्थतन्त्रमा मुद्रास्फीतिको दबाब केन्द्रित हुने कोषले जनाएको छ।

## आन्तरिक आर्थिक तथा वित्तीय स्थिति

### वास्तविक क्षेत्र

१४. राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ मा नेपालको कुल गार्हस्थ्य उत्पादन आधारभूत मूल्यमा ३.९९ प्रतिशत तथा उपभोक्ताको मूल्यमा ४.६१ प्रतिशतले बढेको प्रारम्भिक अनुमान छ। यसै गरी, आर्थिक वर्ष २०८२/८३ को दोस्रो त्रयमासमा कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा) अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ४.०५ प्रतिशतले वृद्धि भएको प्रारम्भिक अनुमान छ।

१५. आर्थिक वर्ष २०८२/८३ को पहिलो त्रयमासमा कोशी र मधेस प्रदेशमा मनसुन ढिला भित्रिएको तथा असोज महिनामा भएको अनियमित वर्षाका कारण धानलगायत समग्र बर्खे बाली प्रभावित भएको छ। नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार चालु आर्थिक वर्षमा धानको उत्पादन ४.२ प्रतिशतले घट्ने अनुमान छ। यद्यपि, अन्य कृषि उत्पादन भने सन्तोषजनक रहने अनुमान छ।

१६. पश्चिम एसियाको भूराजनीतिक तनावका कारण इन्धनको मूल्य वृद्धि भएको र आपूर्ति शृङ्खलामा अवरोध पुगेकोले कृषि, पर्यटन, उद्योग जस्ता क्षेत्रमा गतिविधि संकुचित भई अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्ने देखिन्छ। यसले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा वित्तीय स्थायित्वमा असर पर्ने संभावना देखिन्छ।

## मूल्यस्थिति

१७. हालको अप्रत्याशित मूल्य प्रभाव (Price Shock) को बावजुद चालु आर्थिक वर्षमा औसत मुद्रास्फीति लक्ष्यभन्दा न्यून रहने अनुमान छ । २०८२ फागुन महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ३.६२ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ३.७५ प्रतिशत थियो । २०८२ फागुन महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ३.६० प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.६३ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८२/८३ को आठ महिनासम्मको औसत उपभोक्ता मुद्रास्फीति भने २.१३ प्रतिशत छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ४.७२ प्रतिशत थियो ।

१८. २०८२ फागुन महिनामा वार्षिक विन्दुगत थोक मुद्रास्फीति ३.६४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ४.४३ प्रतिशत थियो । आर्थिक वर्ष २०८२/८३ को आठ महिनासम्मको औसत थोक मुद्रास्फीति भने ३.२८ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ४.४४ प्रतिशत थियो ।

## सरकारी वित्त स्थिति

१९. नेपाल सरकारको २०८२ फागुन मसान्तसम्ममा चालु खर्च रु.६४२ अर्ब १५ करोड, पुँजीगत खर्च रु.७८ अर्ब ४९ करोड र वित्तीय व्यवस्थाअन्तर्गतको खर्च रु.२०५ अर्ब ९५ करोड गरी कुल सरकारी खर्च रु.९२६ अर्ब ५९ करोड (विनियोजित बजेटको ४७.२ प्रतिशत) पुगेको छ ।[१] अघिल्लो वर्षको सोही अवधिमा नेपाल सरकारको चालु खर्च रु.५८४ अर्ब १३ करोड, पुँजीगत खर्च रु.८२ अर्ब ३४ करोड र वित्तीय व्यवस्थाअन्तर्गतको खर्च रु.१७२ अर्ब ८९ करोड गरी कुल सरकारी खर्च रु.८३९ अर्ब ३६ करोड (विनियोजित बजेटको ४५.१ प्रतिशत) रहेको थियो ।

२०. २०८२ फागुन मसान्तसम्ममा नेपाल सरकारको कर राजस्व रु.६७६ अर्ब ५९ करोड र गैरकर राजस्व रु.७० अर्ब ६९ करोड गरी कुल राजस्व परिचालन ३.७ प्रतिशतले वृद्धि भई रु.७४७ अर्ब २८ करोड (लक्ष्यको ५०.५ प्रतिशत) पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कर राजस्व रु.६३८ अर्ब ८० करोड र गैरकर राजस्व रु.८१ अर्ब ५५ करोड गरी कुल रु.७२० अर्ब ३५ करोड (लक्ष्यको ५०.८ प्रतिशत) राजस्व परिचालन भएको थियो ।

२१. २०८२ फागुन मसान्तसम्ममा संघीय सरकारले रु.२४३ अर्ब ६६ करोड आन्तरिक ऋण परिचालन गरेको छ भने रु.१६३ अर्ब ७७ करोड साँवा भुक्तानी गरेको छ । खुद आन्तरिक ऋण रु.७९ अर्ब ८९ करोड परिचालन भएको छ । अघिल्लो वर्षको सोही अवधिसम्ममा सरकारले रु.२६९ अर्ब १५ करोड अन्तरिक ऋण परिचालन गरेकोमा रु.१३४ अर्ब ४८ करोड साँवा भुक्तानी गर्दा खुद आन्तरिक ऋण रु.१३४ अर्ब ६७ करोड परिचालन गरेको थियो ।

२२. २०८२ फागुन मसान्तसम्ममा प्रदेश सरकारहरूको कुल खर्च रु.५८ अर्ब ७९ करोड र स्रोत परिचालन रु.१२९ अर्ब ३२ करोड रहेको छ । प्रदेश सरकारहरूको कुल स्रोत परिचालनमा

[१] नेपाल सरकार, अर्थ मन्त्रालय (महालेखा नियन्त्रक कार्यालय) को तथ्याङ्कमा आधारित ।

नेपाल सरकारले प्रदेश सरकारलाई अनुदान र विभाज्य कोषबाट बाँडफाँट हुने राजस्वसमेत गरी रु.९९ अर्ब ८४ करोड हस्तान्तरण गरेको छ र अन्य स्रोतबाट रु.२९ अर्ब २ करोड परिचालन भएको छ ।

**वैदेशिक व्यापार तथा शोधनान्तर स्थिति**

२३. आर्थिक वर्ष २०८२/८३ को आठ महिनामा कुल वस्तु निर्यात २०.८ प्रतिशतले वृद्धि भई रु.१९१ अर्ब ११ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ५७.२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा कुल वस्तु आयात १२.५ प्रतिशतले वृद्धि भई रु.१,२८९ अर्ब २५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ११.२ प्रतिशतले वृद्धि भएको थियो ।

२४. आर्थिक वर्ष २०८२/८३ को आठ महिनामा कुल वस्तु व्यापार घाटा ११.२ प्रतिशतले वृद्धि भई रु.१,०९८ अर्ब १४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा ६.२ प्रतिशतले वृद्धि भएको थियो ।

२५. आर्थिक वर्ष २०८२/८३ को आठ महिनासम्म चालु खाता रु.५५२ अर्ब ८५ करोडले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु.१९७ अर्ब ३ करोडले बचतमा थियो । यसै गरी, शोधनान्तर रु.६५८ अर्ब ३५ करोडले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर रु.३१० अर्ब ३७ करोडले बचतमा थियो ।

२६. आर्थिक वर्ष २०८२/८३ को आठ महिनासम्म विप्रेषण आप्रवाह ३७.७ प्रतिशतले वृद्धि भई रु.१,४४९ अर्ब ६५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ९.५ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०८२/८३ को आठ महिनामा खुद ट्रान्सफर ३८.५ प्रतिशतले वृद्धि भई रु.१,५९१ अर्ब ६६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर १०.३ प्रतिशतले बढेको थियो ।

२७. २०८२ असार मसान्तमा रु.२,६७७ अर्ब ६८ करोडबराबर रहेको कुल विदेशी विनिमय सञ्चिति २७.५ प्रतिशतले वृद्धि भई २०८२ फागुन मसान्तमा रु.३,४१३ अर्ब ७७ करोड पुगेको छ । बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले २१.४ महिनाको वस्तु आयात र १८.५ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

**मौद्रिक स्थिति तथा तरलता व्यवस्थापन**

२८. आर्थिक वर्ष २०८२/८३ को आठ महिनामा विस्तृत मुद्राप्रदाय ६.७ प्रतिशतले बढेको छ भने सञ्चित मुद्रा १.० प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा विस्तृत मुद्राप्रदाय ४.८ प्रतिशत र सञ्चित मुद्रा ८.२ प्रतिशतले बढेको थियो ।

२९. आर्थिक वर्ष २०८२/८३ को आठ महिनामा बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन ६.६ प्रतिशतले वृद्धि भई २०८२ फागुन मसान्तमा रु.७,७४५ अर्ब ८८ करोड पुगेको छ भने निजी क्षेत्रतर्फको कर्जा ४.४ प्रतिशतले बढेर रु.५,७४१ अर्ब २४ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा निक्षेप परिचालन ४.३ प्रतिशत र निजी क्षेत्रतर्फको कर्जा ६.० प्रतिशतले बढेको थियो ।

३०. यस बैंकले विभिन्न मौद्रिक उपकरण प्रयोग गरी बैकिङ प्रणालीको तरलता व्यवस्थापन गर्दै आएको छ । संरचनागत प्रकृतिको तरलता व्यवस्थापनलाई प्रभावकारी बनाउन 'नेपाल राष्ट्र बैंक ऋणपत्र' जारी गर्ने व्यवस्था पुन: सुरु गरिएको छ ।

३१. आर्थिक वर्ष २०८२/८३ को आठ महिनामा निक्षेप सङ्कलन बोलकबोलमार्फत रु.१,९४५ अर्ब ४० करोड, स्थायी निक्षेप सुविधामार्फत रु.३१,१३४ अर्ब ८५ करोड र नेपाल राष्ट्र बैंक ऋणपत्रमार्फत रु.२०० अर्ब गरी कुल रु.३३,२८० अर्ब २५ करोड तरलता प्रशोचन गरिएको छ भने ओभरनाइट तरलता सुविधामार्फत रु.१२ अर्ब ५० करोड तरलता प्रवाहसमेत गरी खुद रु.३३,२६७ अर्ब ७५ करोडबराबरको तरलता प्रशोचन गरिएको छ ।

३२. समीक्षा अवधिमा यस बैंकले विदेशी विनिमय बजारबाट अमेरिकी डलर ४ अर्ब ६५ करोड खुद खरिद गरी रु.६६५ अर्ब १० करोड तरलता प्रवाह गरेको छ । यसै गरी, अमेरिकी डलर २ अर्ब ६२ करोड बिक्री गरी रु.३७४ अर्ब ३५ करोड बराबरको भारतीय रुपैयाँ खरिद गरिएको छ ।

**ब्याजदर**

३३. बैंकिङ प्रणालीमा उल्लेख्य तरलता रहँदै आएकोले चालु आर्थिक वर्षमा पनि अल्पकालीन र दीर्घकालीन ब्याजदर घटिरहेका छन् । २०८१ फागुनमा ९१-दिने ट्रेजरी विलसको भारित औसत ब्याजदर २.९३ प्रतिशत रहेकोमा २०८२ फागुनमा २.४७ प्रतिशत रहेको छ । बैंक तथा वित्तीय संस्थाहरूबीचको भारित औसत अन्तरबैंक दर २०८१ फागुनमा ३.०० प्रतिशत रहेकोमा २०८२ फागुनमा २.६८ प्रतिशत रहेको छ ।

३४. २०८२ फागुनमा वाणिज्य बैंकहरूको कर्जाको भारित औसत ब्याजदर ६.९० प्रतिशत र निक्षेपको भारित औसत ब्याजदर ३.४५ प्रतिशत रहेको छ । यसै गरी, २०८२ फागुनमा वाणिज्य बैंकहरूको औसत आधार दर ५.१० प्रतिशत छ । अघिल्लो वर्षको फागुनमा वाणिज्य बैंकहरूको कर्जा र निक्षेपको भारित औसत ब्याजदर क्रमश: ८.४० प्रतिशत र ४.५४ प्रतिशत थियो भने औसत आधार दर ६.३४ प्रतिशत थियो ।

**मौद्रिक नीतिको आधुनिकीकरण**

३५. मौद्रिक नीतिलाई थप तथ्यपरक, विश्लेषणमा आधारित र Forward Looking बनाउने उद्देश्यले चालु आर्थिक वर्षको ६ महिनासम्मको तथ्याङ्को आधारमा यस बैंकले पहिलो पटक 'म्याक्रोइकोनोमिक रिपोर्ट' प्रकाशन गरेको छ । अर्थतन्त्रको विद्यमान अवस्था, प्रवृत्ति, परिदृश्य र सम्भावित जोखिमबारे स्पष्ट आधार प्रस्तुत हुने उक्त प्रतिवेदन नियमित प्रकाशन गर्ने कार्ययोजना रहेको छ ।

३६. मौद्रिक नीतिको प्रभावकारी कार्यान्वयनका लागि तरलताको प्रकृति अनुसारका मौद्रिक उपकरणहरू कार्यान्वयनमा ल्याइएका छन् ।

३७. बैंक तथा वित्तीय संस्थाबीचको अन्तरबैंक कारोबारलाई थप व्यवस्थित र पारदर्शी बनाउने प्रणाली विकास गर्न अध्ययन कार्यदल गठन भई कार्य अघि बढाइएको छ । अन्तरबैंक ब्याजदरलाई नीतिगत दरसँग सामञ्जस्यता कायम गर्न ब्याजदर कोरिडरलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइएको छ ।

## कानुनी सुधार

३८. लिज फाइनान्ससम्बन्धी विधेयकको मस्यौदा र वित्तीय सम्पत्तिको पुनर्संरचना तथा धितोपत्रीकरणसम्बन्धी विधेयक, सम्पत्ति व्यवस्थापन कम्पनी स्थापना सम्बन्धी ऐन र नियमको मस्यौदा तर्जुमा हुने क्रममा रहेको छ ।

३९. 'विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९' संशोधनको मस्यौदा र 'भुक्तानी तथा फर्स्यौट ऐन, २०७५' संशोधनको मस्यौदा तयार गरी नेपाल सरकार, अर्थ मन्त्रालयसमक्ष पेस गरिएको छ भने विनिमेय अधिकारपत्र ऐन, २०३४ संशोधन सम्बन्धमा विज्ञको राय लिने कार्य भइरहेको छ ।

## वित्तीय क्षेत्र सुदृढीकरण

४०. बैंक तथा वित्तीय संस्थामा Nepal Financial Reporting Standards (NFRS) को प्रभावकारी कार्यान्वयन गर्ने सन्दर्भमा Interest Income Guidance Note, 2025 जारी गर्नुका साथै NFRS 9 - Expected Credit Loss Related Guidelines, 2024 मा संशोधन गरिएको छ ।

४१. प्रणालीगत रूपमा महत्त्वपूर्ण रहेका बैंक अर्थात् Domestic Systemically Important Bank पहिचान गरी त्यस्ता बैंकमा नियमन र सुपरिवेक्षणका थप व्यवस्था लागु गर्न Framework for Dealing with Domestic Systemically Important Banks (D-SIBs), 2025 जारी गरिएको छ ।

४२. नेपाल सरकारबाट हालै स्वीकृत 'दोस्रो वित्तीय क्षेत्र विकास रणनीति (२०८२/८३ - ८६/८७)' मा उल्लिखित यस बैंकसँग सम्बन्धित कार्यहरू चरणबद्ध कार्यान्वयनमा रहेको र क्रेडिट स्कोरिङ प्रणाली कार्यान्वयन गर्न कर्जा सूचना केन्द्रसँग समन्वय भइरहेको छ । यसै गरी, बैंक तथा वित्तीय संस्थाहरूको वर्गीकरणसम्बन्धी विद्यमान व्यवस्था सम्बन्धमा अध्ययन गर्न कार्यदल गठन भई कार्य अघि बढाइएको छ ।

## नियामकीय व्यवस्था

४३. निजी आवासीय घर निर्माण र खरिद गर्न प्रवाह गर्ने कर्जाको सीमा रु.२ करोडबाट बढाई रु.३ करोड कायम गरिएको छ । पहिलो घर निर्माण र खरिद गर्दा यस्तो कर्जा प्रवाहको लागि कर्जा मूल्य अनुपात बढीमा ८० प्रतिशतसम्म र अन्यको हकमा बढीमा ७० प्रतिशतसम्म कायम गर्न सक्ने व्यवस्था गरिएको छ ।

४४. चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शनमा आवश्यक संशोधन तथा परिमार्जन गरी 'चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शन, २०७९ (चौथो संशोधनसहित)' जारी गरिएको छ । उक्त संशोधनमा बैंक तथा वित्तीय संस्थाले ऋणीको नगद प्रवाह तथा वित्तीय विवरण विश्लेषणको आधारमा Permanent Working Capital को अवधि निर्धारण गर्न सक्ने व्यवस्था गरिएको छ । साथै, ऋणीले वर्षको कम्तीमा लगातार सात दिन चालु पुँजी कर्जाको बक्यौता १० प्रतिशतभन्दा कम गर्नुपर्ने विद्यमान व्यवस्था परिमार्जन गरी ३० प्रतिशतभन्दा कम गर्नुपर्ने व्यवस्था गरिएको छ ।

४५. कृषि उपज/कृषियोग्य जमिन/कृषि व्यवसाय संरचनाको धितो वित्तीय संस्था आफैंले मूल्याङ्कन गरी रु.१० लाखसम्मको खाद्यान्न बाली, पशुपन्छी, माछापालनलगायत कृषि व्यवसायसँग सम्बन्धित कृषि वा व्यावसायिक कर्जा प्रवाह गर्न सक्ने व्यवस्था गरिएको छ।

४६. जेनजी आन्दोलनको क्रममा सिर्जना भएको असामान्य परिस्थितिबाट प्रभावित व्यवसाय स्वयम् एवम् ऋणी संस्थासँग Forward/Backward Linkage भएका ऋणीलाई समेत निश्चित सर्तको अधीनमा रही कर्जाको पुनरतालिकीकरण र/वा पुनर्संरचना गर्न सक्ने व्यवस्था गरिएको छ। साथै, प्रभावित उद्योग/व्यवसाय पुनर्स्थापना गरी सञ्चालन गर्न कर्जा प्रवाह गर्दा ब्याजदरमा सहुलियत, कायम गर्नुपर्ने कर्जाको स्व:पुँजी अनुपात (Debt to Equity Ratio) मा छुट, रोजगारदाता संस्था/प्रतिष्ठानले Payroll Protection Scheme मार्फत पारिश्रमिक उपलब्ध गराउन चाहे सहुलियतपूर्ण ब्याजदरमा कर्जा प्रवाह लगायतका व्यवस्था गरिएको छ।

४७. कम्तीमा १०० जना महिलालाई रोजगारी प्रदान गरी न्यूनतम २५ प्रतिशत मूल्य अभिवृद्धि गरी कुल उत्पादनको कम्तीमा २५ प्रतिशत निर्यात गर्ने उद्योगलाई बैंक तथा वित्तीय संस्थाले आफ्नो आधार दरमा बढीमा १ प्रतिशत विन्दु प्रिमियम थप गरी कर्जाको ब्याजदर कायम गर्न सक्ने व्यवस्था गरिएको छ।

४८. बैंक तथा वित्तीय संस्थाबाट सेयर धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जाको एकल ग्राहक कर्जा सीमा हटाइएको छ।

४९. यस बैंकबाट इजाजतपत्र प्राप्त 'ग' वर्गका राष्ट्रियस्तरका वित्त कम्पनीले प्राथमिक पुँजीको १५ गुणासम्म निक्षेप परिचालन गर्न सक्ने विद्यमान सीमा हटाइएको छ।

५०. बैंक तथा वित्तीय संस्थाले गैरबैंकिङ सम्पत्ति सकार गरेको दुई वर्षसम्म उक्त सम्पत्तिबापत सिर्जना भएको रेगुलेटरी रिजर्भको रकमलाई पूरक पुँजीमा गणना गर्न सक्ने व्यवस्था गरिएको छ।

५१. बैंक तथा वित्तीय संस्थाबाट तोकिएको क्षेत्रमा प्रवाह हुने कर्जासम्बन्धी विद्यमान व्यवस्थाको दायरा विस्तार गरी पर्यटन, सूचना प्रविधि र स्वदेशी कच्चा पदार्थमा आधारित निर्यातमूलक उद्योगलाई समेत समावेश गरिएको छ।

५२. बैंक तथा वित्तीय संस्थाले महेन्द्र राजमार्ग र मध्यपहाडी लोकमार्ग विस्तारका कारण विस्थापित उद्यम/व्यवसायमा प्रवाहित कर्जामा न्यूनतम १० प्रतिशत ब्याज असुल गरी २०८३ असार मसान्तसम्म पुनर्संरचना/पुनरतालिकीकरण गर्न सक्ने व्यवस्था गरिएको छ।

५३. बैंक तथा वित्तीय संस्थाले संस्थागत मुद्दती निक्षेपको ब्याजदर व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदरभन्दा कम्तीमा १ प्रतिशत विन्दुले कम गर्नुपर्ने विद्यमान व्यवस्था खारेज गरिएको छ।

५४. बैंक तथा वित्तीय संस्थाले प्रदान गर्ने व्यक्तिगत अधिविकर्ष (Personal Overdraft) कर्जाको विद्यमान सीमा रु.५० लाखबाट वृद्धि गरी रु.१ करोड कायम गरिएको छ।

५५. विद्युतीय कारोबार एवम् सहरी इलाकामा बैंक तथा वित्तीय संस्थाको उपस्थितिलाई मध्यनजर गरी बैंक तथा वित्तीय संस्था स्वयम्ले महानगरपालिकामा रहेका शाखाहरू समायोजन/एकीकरण गर्न सक्ने व्यवस्था गरिएको छ।

५६. कर्जा असुल गर्न कम्तीमा तीन पटकसम्म धितो लिलामी प्रक्रिया पूरा गर्दा समेत उक्त धितो बिक्री नभएको खण्डमा मात्र बैंक तथा वित्तीय संस्था आफैंले सकार गर्न सक्ने व्यवस्था गरिएको छ।

५७. बैंक तथा वित्तीय संस्थाले नगद भुक्तानी गर्न सक्ने रु.१० लाखको सीमालाई घटाई रु.पाँच लाख कायम गरिएको छ।

## निरीक्षण तथा सुपरिवेक्षण

५८. वार्षिक निरीक्षण कार्ययोजना अनुसार २०८२ फागुन मसान्तसम्ममा नौ वटा वाणिज्य बैंकहरूको समष्टिगत स्थलगत निरीक्षण सम्पन्न भएको छ।

५९. विदेशी परामर्शदाता कम्पनीबाट १० ठूला वाणिज्य बैंकहरूको Extensive Assets Quality Review (Loan Portfolio Review) गर्ने कार्य सम्पन्न भई प्रतिवेदन प्राप्त भएको छ।

६०. वाणिज्य बैंकहरूको सेवा प्रवाह लगायतका विषयमा विभिन्न निकाय र सेवाग्राहीबाट चालु आर्थिक वर्षको २०८२ फागुन मसान्तसम्म प्राप्त १५५ निवेदन र उजुरीका सम्बन्धमा आवश्यकता अनुसार गैर-स्थलगत विशेष निरीक्षण र चार पटक स्थलगत विशेष निरीक्षणसमेत गरी १३४ वटा उजुरीका सम्बन्धमा आवश्यक निर्देशन दिइएको छ।

६१. २०८२ वैशाखदेखि फागुन मसान्तसम्ममा राष्ट्रियस्तरका पाँच वटा विकास बैंकमा जोखिममा आधारित समष्टिगत स्थलगत निरीक्षण सम्पन्न गरिएको छ। यसै गरी, ४ विकास बैंक र ७ वटा वित्त कम्पनीमा अनुपालनामा आधारित स्थलगत निरीक्षणसहित कुल १६ वटा संस्थाको समष्टिगत स्थलगत निरीक्षणको कार्य सम्पन्न गरिएको छ। साथै, ६ वटा विकास बैंक र ७ वटा वित्त कम्पनी गरी कुल १३ वटा संस्थाको लक्षित स्थलगत निरीक्षण सम्पन्न गरिएको छ।

६२. समीक्षा अवधिमा नेपाल राष्ट्र बैंक ऐन-२०५८, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन-२०७३ र यस बैंकले जारी गरेका निर्देशनहरू उल्लङ्घन गर्ने २ विकास बैंक र २ वित्त कम्पनी गरी कुल ४ वटा संस्थाका सञ्चालक समिति, अध्यक्ष, सञ्चालक र प्रमुख कार्यकारी अधिकृतलाई सचेत गराउने, नसिहत दिने, आर्थिक जरिवाना लगाउने लगायतका कुल ८ वटा कारबाही भएको छ। त्यसैगरी, यस बैंकबाट जारी गरिएका नीतिगत व्यवस्था र निर्देशनको उल्लङ्घन गर्ने पाँच वाणिज्य बैंकलाई जरिवाना तथा कारबाही गरिएको छ।

६३. बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारबाहीसम्बन्धी विनियमावली, २०७४ बमोजिम एउटा विकास बैंकलाई शीघ्र सुधारात्मक कारबाही गरिएको छ।

६४. बैंक तथा वित्तीय संस्थाको निरीक्षण र सुपरिवेक्षण कार्यलाई थप प्रभावकारी बनाउन आगामी पाँच वर्षमा गर्नुपर्ने कार्यलाई समेटेर 'Roadmap for Strengthening Banking Sector Inspection and Supervision Functions' तयार गर्न कार्यदल गठन भएको छ।

६५. वाणिज्य बैंकहरूको सम्भावित तरलता दबाबलाई समयमै पहिचान गरी तरलता जोखिम व्यवस्थापन सुदृढ बनाउन आन्तरिक तरलता पर्याप्तता मूल्याङ्कन प्रक्रिया 'Internal Liquidity Adequacy Assessment Process (ILAAP)' सम्बन्धी मार्गदर्शन तयार गर्न कार्यदल गठन भएको छ।

६६. २०८२ वैशाखदेखि फागुन मसान्तसम्म १३ वटा विप्रेषण कारोबार गर्ने विप्रेषण कम्पनी र १० वटा 'क' वर्गका बैंकले गरेको विप्रेषण कारोबारका समष्टिगत स्थलगत निरीक्षण तथा ४५ मनिचेन्जर कम्पनी, ४१ ट्राभल्स, टुर्स, ट्रेकिङ कम्पनी, आठ हायरपर्चेज कम्पनी, २२ वटा होटल, ५ वटा कार्गो कम्पनी, ६ वटा एयरलाइन्स र १७ वटा विदेशी मुद्रा कारोबार गर्ने अन्य कम्पनीहरू (क्यासिनो, हस्पिटल) को समष्टिगत स्थलगत निरीक्षण गर्ने कार्य सम्पन्न गरिएको छ ।

६७. राष्ट्रिय सहकारी बैंक लिमिटेड र हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको समष्टिगत स्थलगत निरीक्षण गर्ने कार्य सम्पन्न गरिएको छ भने एउटा गैरबैंक वित्तीय संस्थाको विशेष निरीक्षण सम्पन्न भएको छ ।

**वित्तीय समावेशिता अभिवृद्धि**

६८. २०८२ फागुन मसान्तसम्ममा २० वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ५१ लघुवित्त वित्तीय संस्था र एक पूर्वाधार विकास बैंक गरी बैंक तथा वित्तीय संस्थाको कुल सङ्ख्या १०६ रहेको छ । २०८२ फागुन मसान्तसम्ममा 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थामा रहेका निक्षेप खाताको सङ्ख्या ६ करोड २० लाख ६० हजार २२२ रहेको छ भने कर्जा खाताको सङ्ख्या २० लाख ४० हजार १४८ रहेको छ । यसै अवधिमा लघुवित्त वित्तीय संस्थामा बचतकर्ता ६३ लाख ८१ हजार ८४४ छन् भने ऋणीको सङ्ख्या २७ लाख ९ हजार २३० जना रहेको छ ।

६९. वित्तीय समावेशीकरण अभिवृद्धि र वार्षिक रूपमा समावेशीकरणको स्तर मापनका लागि पहिलो पटक Financial Inclusion Index, 2025 प्रकाशन गरिएको छ । सन् २०२४/२५ मा नेपालको वित्तीय समावेशीकरण सूचकाङ्क ०.५३ पुगेको छ ।

७०. बैंकले सामाजिक सञ्जालमार्फत् प्रत्येक मङ्गलबार डिजिटल/वित्तीय साक्षरता अभिवृद्धिका लागि वित्तीय साक्षरता सन्देश प्रसारण गर्ने गरेको छ । साथै, वित्तीय साक्षरतासम्बन्धी विभिन्न विषयमा डिजिटल/वित्तीय साक्षरता अभिवृद्धिका लागि वित्तीय साक्षरता सन्देश, वृत्तचित्र, रेडियो जिङ्गल जस्ता सामग्री बैंकको सामाजिक सञ्जालमार्फत नियमित प्रसारण भइरहेका छन् ।

७१. वित्तीय समावेशिताका लागि ऋणीलाई वित्तीय क्षेत्रका बारेमा जानकारी प्रदान गर्न 'ऋणीसँग नेपाल राष्ट्र बैंक कार्यविधि, २०८२' पारित गरी हालसम्म दुई वटा कार्यक्रम सम्पन्न गरिएको छ ।

७२. 'Smart Money Talks' भन्ने मूल नाराका साथ वित्तीय साक्षरता अभिवृद्धि गर्ने उद्देश्यले २०८२ चैत २ देखि ८ सम्म 'Global Money Week, 2026' भव्यताका साथ देशभर मनाइएको छ ।

७३. विद्यालयस्तरको पाठ्यक्रममा वित्तीय तथा डिजिटल वित्तीय साक्षरतासम्बन्धी विषयवस्तुलाई समावेश गर्नका निम्ति पाठ्यक्रम विकास केन्द्रमा आवश्यक सुझाव पेस गरिएको छ ।

## बजार आचरण सुपरिवेक्षण र वित्तीय ग्राहक संरक्षण

७४. 'वित्तीय बजार आचरण सुपरिवेक्षण कार्यविधि, २०८१' जारी गरी यसैबमोजिम बैंक तथा वित्तीय संस्थाको बजार आचरण सुपरिवेक्षण सुरुआत गरिएको छ । आर्थिक वर्ष २०८२/८३ को तेस्रो त्रयमाससम्म २३ वटा बैंक तथा वित्तीय संस्थाको यस्तो सुपरिवेक्षण कार्य सम्पन्न भएको छ ।

७५. वित्तीय समावेशिता तथा ग्राहक संरक्षण सम्बन्धमा यस बैंकले अनलाइन पोर्टल, इमेल, लिखित निवेदन, टेलिफोन र हेलो सरकारमार्फत २०८२ वैशाखदेखि फागुन मसान्तसम्म २,७०८ वटा गुनासो प्राप्त गरेकोमा २,१३५ वटा समाधान भएका छन् भने ५७४ वटा समाधानको प्रक्रियामा छन् ।

७६. बैंक तथा वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत गर्ने खर्च गरिब र न्यून आय भएका व्यक्ति तथा समुदायलक्षित बनाउने अभिप्रायले 'बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी मार्गदर्शन, २०८१ (दोस्रो संशोधन, २०८२)' अद्यावधिक गरिएको छ ।

## लघुवित्त

७७. समीक्षा अवधिमा ३८ वटा लघुवित्त वित्तीय संस्थाको समष्टिगत स्थलगत निरीक्षण र एक संस्थाको विशेष निरीक्षण कार्य सम्पन्न गरिएको छ ।

७८. लघुवित्त वित्तीय संस्थाबाट धितोमा प्रवाह गरिने कर्जाको अधिकतम सीमा रु.७ लाखबाट वृद्धि गरी रु.१५ लाख कायम गरिएको छ ।

७९. लघुवित्त वित्तीय संस्थाबाट ऋण प्राप्त गरेका ऋणीको कर्जा भुक्तानीमा पर्न गएको समस्यालाई ध्यानमा राखी कर्जाको पुनरतालिकीकरण गर्न सकिने व्यवस्था गरिएको छ ।

## भुक्तानी प्रणाली

८०. २०८२ चैत मसान्तसम्ममा भुक्तानीसम्बन्धी कार्य गर्ने २४ वटा (बैंक तथा वित्तीय संस्थाबाहेक) संस्थाको अनुमतिपत्र नवीकरण गरिएको छ भने एउटा भुक्तानी प्रणाली सञ्चालकको अनुमतिपत्र रद्द गरिएको छ ।

८१. भुक्तानीसम्बन्धी कार्य गर्न अनुमतिपत्रप्राप्त संस्था (बैंक तथा वित्तीय संस्थाबाहेक) ले आर्जन गरेको मुनाफाको बाँडफाँट र लाभांश वितरणसम्बन्धी व्यवस्थालाई पारदर्शी एवम् व्यवस्थित बनाउने अभिप्रायले 'भुक्तानीसम्बन्धी कार्य गर्न अनुमतिपत्रप्राप्त संस्था (बैंक तथा वित्तीय संस्थाबाहेक) का लागि लाभांश वितरणसम्बन्धी मार्गदर्शन, २०८२' जारी गरिएको छ ।

८२. सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कार्यलाई प्रभावशाली बनाउने उद्देश्यले Guidelines on Targeted Financial Sanctions for Payment Service Providers जारी गरिएको छ ।

८३. भुक्तानीसम्बन्धी कार्य गर्ने संस्थालाई जोखिमका आधारमा प्रणालीगत रूपमा महत्त्वपूर्ण संस्थाको रूपमा पहिचान गर्न तथा त्यस्ता संस्थाको सञ्चालन तथा व्यवस्थापनलाई थप सुदृढ, व्यवस्थित र प्रभावकारी बनाउन Framework for Identifying Systemically Important Payment Systems (SIPS) जारी गरिएको छ ।

८४. दुई वटा भुक्तानी सेवा प्रदायक संस्थाहरूलाई एक आपसमा गाभिने कार्य सम्पन्न भई एकीकृत कारोबार भइरहेको छ भने अन्य दुई वटा संस्थालाई गाभ्न/गाभिनका लागि अन्तिम स्वीकृति प्रदान गरिएको छ ।

**विदेशी विनिमय व्यवस्थापन**

८५. 'नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८' मा चौथो र पाँचौं संशोधन गरिएको छ । विनियमावलीको संशोधनबाट प्रविधि हस्तान्तरणमार्फत गरिने विदेशी लगानी, विदेशमा लगानी, विदेशी लगानीकर्ताको खाता सञ्चालन, विदेशी लगानी तथा आर्जित रकम फिर्ता लगायतका विदेशी ऋणसम्बन्धी व्यवस्थामा सहजीकरण गरिएको छ । यस अन्तर्गत विदेशी लगानी तथा लाभांश फिर्ता लैजान यस बैंकको स्वीकृति आवश्यक नपर्ने व्यवस्था गरिएको छ ।

८६. 'सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४' तथा 'सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ निवारण नियमावली, २०८१' बमोजिम सूचक संस्थाले निर्वाह गर्नुपर्ने दायित्वका सम्बन्धमा 'Guideline on Targeted Financial Sanctions for Financial Institutions' जारी गरिएको छ ।

८७. भारतबाहेक अन्य मुलुकको भ्रमणमा जाने नेपाली नागरिकलाई राहदानीबापत प्रतिपटक अमेरिकी डलर २,५०० वा सोबराबरको परिवर्त्य विदेशी मुद्रा सटही सीमा वृद्धि गरी अमेरिकी डलर ३,००० वा सोबराबरको परिवर्त्य विदेशी मुद्रा कायम गरिएको छ ।

८८. भारत तथा भारत बाहेकका मुलुकबाट हुने सेवा आयातको भुक्तानीको सीमा वृद्धि गरिएको छ ।

८९. नेपाली नागरिकलाई प्राविधिक शिक्षा, व्यावसायिक तालिम तथा अनलाइनमार्फत अध्ययनको हकमा सम्बन्धित विदेशी संस्थालाई एकै पटक वा पटक-पटक गरी भुक्तानी हुनेगरी वार्षिक अमेरिकी डलर ५,००० सम्म भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ ।

९०. विदेशी लगानी तथा आर्जित रकम फिर्ता र विदेशी ऋणको साँवा-ब्याज भुक्तानीमा हुने विदेशी विनिमय जोखिम व्यवस्थापनका लागि विदेशी लगानीकर्ता, विदेशी लगानी भएको कम्पनी, विदेशी ऋण प्रवाह गर्ने ऋणदाता वा विदेशी ऋण भित्र्याउने ऋणीलाई वाणिज्य बैंक र पूर्वाधार विकास बैंकले हेजिङ सेवा, फरवार्ड लगायतका उपकरण उपलब्ध गराउन सक्ने व्यवस्था गरिएको छ ।

**मुद्रा व्यवस्थापन**

९१. बैंकनोट राष्ट्रको सम्पत्ति भएको हुँदा जतनसाथ यसको प्रयोग गर्नेसम्बन्धी विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइएको छ । बैंकनोटको समुचित उपयोगलाई प्रवर्द्धन गर्न र बैंकनोटको प्रयोग आयुसमेत बढाउन दसैं, तिहार र छठ पर्वमा उपलब्ध भएसम्म सुकिला नोट सटही गर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ ।

९२. नेपाल राष्ट्र बैंकले बैंकनोटको गुणस्तर वृद्धि गर्ने कार्यलाई निरन्तरता दिँदै आएको छ । यस क्रममा चालु नोट छपाइ चक्रमा छपाइ हुने बैंकनोटको सुरक्षण विशेषता र नोटमा प्रयोग हुने प्राविधिक स्पेसिफिकेसनलाई अन्तर्राष्ट्रिय स्तरअनुसार परिमार्जित गर्दै बैंकनोटलाई थप

सुरक्षित तथा गुणस्तरीय बनाउँदै लगिएको छ । चालु छपाइ चक्रअन्तर्गत यस वर्ष रु.५०, रु.५०० तथा रु.१००० दरका नयाँ बैंकनोट डिजाइन, छपाइ तथा आपूर्तिका लागि करार सम्झौता सम्पन्न भएको छ । साथै, रु.५, रु.१० र रु.१०० दरका नयाँ बैंकनोट डिजाइन, छपाइ तथा आपूर्तिका लागि करार सम्झौता भई आपूर्ति भइरहेको छ ।

९३. २०८२ वैशाखदेखि फागुन मसान्तसम्म रु.१ को १ लाख ४ हजार थान र रु.२ को २५ हजार ५०० थान सिक्का खरिद (Buy Back) गरिएको छ । साथै, यस अवधिमा रु.१ को ८२ लाख ८३ हजार थान र रु.२ को ३४ लाख ८६ हजार ५०० थान गरी कुल रु.१ करोड ६२ लाख ५६ हजार बराबरको सिक्का बिक्री गरिएको छ । यसै गरी, करिब ५३५ किलोग्राम बराबरको चाँदीका विभिन्न स्मारिका सिक्का तथा मेडालियन बिक्री गरिएको छ ।

**मानव संसाधन व्यवस्थापन र संगठन संरचना**

९४. २०८२ फागुन मसान्तमा बैंकमा प्रशासनतर्फ १,१०४ र प्राविधिकतर्फ ७५ गरी कुल १,१७९ जना कर्मचारी कार्यरत छन् । कार्यरत कर्मचारीमध्ये अधिकृतस्तरका ६८६, सहायकस्तरका ४४० र श्रेणीविहीन कार्यालय सहयोगीस्तरका ५३ जना छन् ।

९५. २०८२ असारमा सहायक निर्देशक ३४ जना र सहायक १८ जना (सूचना प्रविधिसमेत) गरी कुल ५२ जना कर्मचारी नियुक्त गरिएको छ । आर्थिक वर्ष २०८२/८३ को फागुन मसान्तसम्ममा कुल १८ जना कर्मचारी बैंक सेवाबाट अवकाश भएका छन् ।

९६. 'नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८' मा चौथो संशोधन गरी योगदानमा आधारित निवृत्तिभरणसम्बन्धी व्यवस्था थप गरिएको छ । सोको कार्यान्वयनका लागि 'योगदानमा आधारित निवृत्तिभरण सम्बन्धी कार्यविधि, २०८२' तर्जुमा भई स्वीकृतिको प्रक्रियामा रहेको छ ।

९७. कर्मचारीको शारीरिक तथा मानसिक स्वास्थ्य र कार्यस्थल सुरक्षाको सुनिश्चितता दिँदै सुरक्षित, स्वस्थ र सकारात्मक कार्यसंस्कृति प्रवर्द्धन गर्न 'नेपाल राष्ट्र बैंक कर्मचारी स्वास्थ्य तथा कार्यस्थल सुरक्षासम्बन्धी नीति, २०८१' जारी गरी 'कर्मचारी स्वास्थ्य तथा कार्यस्थल सुरक्षा इकाइ' गठन गरिएको छ ।

९८. बैंकले विदेशस्थित केन्द्रीय बैंकलगायतका निकायसँग गरेको सम्झौताका आधारमा बैंकबाट कर्मचारी छनोट गरी Reserve Bank of India मा Secondment मा पठाइएको छ ।

९९. बैंकको सञ्चालन जोखिम व्यवस्थापन गर्न Know Your Employee (KYE) सम्बन्धी कार्यविधि तथा नवप्रवर्तनलाई प्रोत्साहित गर्न Quality Circle सम्बन्धी कार्यविधि तर्जुमा भइरहेको छ ।

१००. कर्मचारी उत्प्रेरणा र उत्पादकत्व अभिवृद्धि गर्न लागु गर्नुपर्ने कार्यसम्पादनमा आधारित प्रोत्साहन पद्धतिका सम्बन्धमा अध्ययन भइरहेको छ ।

१०१. २०८२ वैशाखदेखि फागुन मसान्तसम्ममा बैंकर्स प्रशिक्षण केन्द्रले नियमिततर्फ २३, कार्यशाला १ र अन्य ५ गरी जम्मा २९ वटा तालिम कार्यक्रम सम्पन्न गरेको छ ।

१०२. २०८२ वैशाखदेखि फागुन मसान्तसम्ममा भौतिक रूपमा सम्पन्न भएका अन्तर्राष्ट्रिय कार्यक्रम, तालिम, सेमिनार र गोष्ठीमा ५४६ पटक सहभागिता भएको छ । त्यसैगरी,

अनलाइन माध्यमबाट सञ्चालन भएका वैदेशिक तालिम कार्यक्रममा २६४ पटक सहभागिता भएको छ ।

१०३. यस बैंकको आयोजनामा IMF SARTAAC र The SEACEN Centre को सहकार्यमा दुई वटा अन्तर्राष्ट्रिय तालिम कार्यक्रम काठमाडौंमा सम्पन्न भएको छ ।

१०४. यस बैंकका गभर्नरअन्तर्गत रहने गरी मिति २०८२ फागुन १ गतेदेखि तथ्याङ्क महाशाखा (Statistics Division) स्थापना गरिएको छ ।

**आन्तरिक लेखापरीक्षण**

१०५. नेपाल राष्ट्र बैंकका सम्पूर्ण विभाग/कार्यालय/महाशाखा/इकाइहरूको Audit Universe को अद्यावधिक तथा Risk Ranking को मूल्याङ्कन गरी आर्थिक वर्ष २०८२/८३ देखि २०८४/८५ सम्मको त्रिवर्षीय जोखिममा आधारित लेखापरीक्षण योजना अद्यावधिक गरिएको छ । साथै, Internal Audit Manual, 2019 मा संशोधन गरिएको छ ।

१०६. बैंकले प्रयोग गर्दै आएको GL, HRIS, RTGS, SWIFT लगायत विभिन्न सफ्टवेयर र समग्र सूचना प्रविधि प्रणालीको System Audit तथा Vulnerability Assessment and Penetration Testing (VAPT) सम्पन्न गरिएको छ ।

**वित्त व्यवस्थापन**

१०७. यस बैंकको आर्थिक वर्ष २०८१/८२ को बाह्य लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट नेपाल राष्ट्र बैंक ऐन, २०५८ बमोजिम समयमै सम्पन्न भएको छ ।

१०८. नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८३(२) को व्यवस्थाबमोजिम यस बैंकको मासिक वित्तीय अवस्थाको विवरण प्रकाशन हुँदै आएको छ । साथै, यस बैंकको केन्द्रीय बैंक सर्वेक्षण र तरलता अवस्था समावेश भएको सारांश वासलात बैंकको वेबसाइटमा दैनिक रूपमा प्रकाशन हुँदै आएको छ ।

**सम्पत्ति शुद्धीकरण निवारण/सुपरिवेक्षण**

१०९. २०८२ फागुन मसान्तसम्ममा ४ वाणिज्य बैंक, १ विकास बैंक, १ वित्त कम्पनी, २ भुक्तानी सेवा प्रदायक, २ हायर पर्चेज कम्पनी र २४ मनिचेन्जर गरी कुल ३४ वटाको AML/CFT मा आधारित स्थलगत निरीक्षण र एउटा विशेष निरीक्षण सम्पन्न भएको छ । साथै, यस अवधिमा तीन वटा संस्थालाई कारबाही गरिएको छ ।

११०. सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी समसामयिक विषयमा विदेशी विज्ञ र सरोकारवालाहरूको सहभागितामा अन्तर्राष्ट्रिय सम्मेलन २०८२ माघ २८ र २९ गते काठमाडौंमा सम्पन्न भएको छ ।

**वित्तीय जानकारी**

१११. वित्तीय जानकारी इकाइमा आर्थिक वर्ष २०८२/८३ को साउनदेखि फागुन मसान्तसम्म ५,४०१ वटा शङ्कास्पद कारोबार/गतिविधिसम्बन्धी सूचना प्राप्त भएकोमा १,४४४ वटा सूचनाको विश्लेषण गरिएको छ । यसमध्ये ७८७ को पछि थप सूचना प्राप्त भएमा

पुन:विश्लेषण गर्नेगरी अभिलेखीकरण गरिएको र ६५७ सूचना अनुसन्धान/अनुगमनका लागि अनुसन्धानकारी/नियमनकारी निकायमा सम्प्रेषण गरिएको छ ।

११२. 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्था, लघुवित्त वित्तीय संस्था, बीमा तथा पुनर्बीमा कम्पनी, विप्रेषणसम्बन्धी कार्य गर्ने संस्था, धितोपत्र व्यवसायी, सहकारी संस्था, भुक्तानीसम्बन्धी कार्य गर्ने संस्था, मुद्रा सटहीसम्बन्धी कार्य गर्ने संस्था, क्यासिनो व्यवसाय, बहुमूल्य धातुसम्बन्धी कारोबार गर्ने व्यवसाय, घर जग्गा खरिद बिक्री व्यवसायी, हायर पर्चेज कर्जा दिने कम्पनी, लेखापरीक्षण व्यवसायीलगायत जम्मा ५,०४७ वटा सूचक संस्थालाई goAML System मा आबद्ध गरिएको छ ।

११३. इकाइले आर्थिक वर्ष २०८२/८३ मा भियतनामको फाइनान्सियल इन्टेलिजेन्स युनिट (Anti-Money Laundering Department, Vietnam) सँग सूचना आदानप्रदान सम्बन्धी समझदारी (MoU) गरेको छ । इकाइले सूचना आदानप्रदानका लागि हालसम्म २१ वटा विदेशी फाइनान्सियल इन्टेलिजेन्स युनिटसँग समझदारी गरिसकेको छ ।

११४. इकाइले Egmont Secure Web (ESW) मार्फत आर्थिक वर्ष २०८२/८३ को फागुन मसान्तसम्म ४७ पटक विदेशी समकक्षी निकायसँग सूचना आदानप्रदान गरेको छ ।

११५. Financial Action Task Force (FATF) ले नेपाललाई २०२५ फेब्रुअरीदेखि सघन अनुगमन (Jurisdictions under Increased Monitoring) मा राखेपश्चात् सो संस्थामार्फत प्राप्त कार्ययोजना बमोजिमको कार्यमा तिब्रता दिइएको छ । साथै, अन्य निकायले गर्नुपर्ने कार्यका सम्बन्धमा समेत इकाइले समन्वय गर्दै आएको छ ।

**सम्पत्ति तथा सेवा व्यवस्थापन**

११६. बैंकको केन्द्रीय कार्यालय परिसरभन्दा बाहिर रहेका बैंकका विभिन्न विभाग/महाशाखा/इकाइमध्ये बैंक सुपरिवेक्षण विभाग, संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग, आर्थिक अनुसन्धान विभाग र गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभागलाई बालुवाटारस्थित केन्द्रीय कार्यालय परिसरभित्र चरणबद्ध स्थानान्तरण गरिएको छ । साथै, मौद्रिक व्यवस्थापन विभाग, वित्तीय जानकारी इकाइ र बैंकर्स प्रशिक्षण केन्द्रलाई बैंकको थापाथली कार्यालय परिसरभित्र स्थानान्तरण गरी बैंकका सबै विभाग, महाशाखा तथा इकाइलाई आफ्नै भवनबाट सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ ।

११७. यस बैंकको केन्द्रीय कार्यालय, बालुवाटारस्थित नवनिर्मित भवनमा आन्तरिक सजावट, फर्निचर, फिक्स्चर्स निर्माण एवम् मालसामान लगायतको व्यवस्था गर्न बोलपत्र आह्वान गरी खरिद प्रक्रिया अगाडि बढाइएको छ । सुपरिवेक्षण र परामर्श सेवा लिन त्रिभुवन विश्वविद्यालय अन्तर्गतको इन्जिनियरिङ अध्ययन संस्थानसँग सम्झौता गरिएको छ ।

११८. थापाथलीस्थित नवनिर्मित भवनको आन्तरिक सजावट, फर्निचर, फिक्स्चर्स लगायतको व्यवस्था गर्न परामर्शदाताबाट प्रतिवेदन पेस भएको छ ।

११९. बैंकको सिद्धार्थनगर कार्यालयको अतिथि गृह भवनमा आन्तरिक सजावट, फर्निचर, फिक्स्चर्स लगायतको निर्माण कार्य सम्पन्न गरी पूर्ण रूपमा सञ्चालनमा ल्याइएको छ ।

१२०. नेपाल सरकार, सहरी विकास तथा भवन निर्माण विभाग र नेपाल राष्ट्र बैंकबीच बैंकको विभिन्न पूर्वाधार निर्माणमा सहयोग गर्ने सम्बन्धमा समझदारीपत्र (MoU) मा हस्ताक्षर भएको छ ।

**सूचना प्रविधि**

१२१. यस बैंकको Core Banking System (CBS) को रूपमा रहेको GL System को DR Drill सफलतापूर्वक सम्पन्न भएको छ ।

१२२. यस बैंकको Web Application मा हुन सक्ने SQL Injection, Cross Site Scripting, Malicious Bot जस्ता साइबर आक्रमणबाट Applications लाई जोगाउन र Web Traffic को निरीक्षण गर्न Web Application Firewall (WAF) जडान गरिएको छ ।

१२३. व्यक्तिगत/संस्थागत खाता/लकर रोक्का/फुकुवाको विवरण राख्न Account Status Information System (ASIS) को Development Phase को काम सम्पन्न भएको छ ।

१२४. देशको वार्षिक तथा अर्धवार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्न आवश्यक 'Economic Activities Reporting System (EARS)' को Development Phase को काम सम्पन्न भएको छ ।

१२५. मुद्दा मामिलासम्बन्धी कागजातलाई Litigation Management Software (LMS) मार्फत डिजिटाइजेसन प्रक्रियामा लैजाने कार्य भइरहेको छ ।

**अध्ययन/अनुसन्धान**

१२६. अर्थतन्त्रको ऐतिहासिक सिंहावलोकन र विश्लेषणसहित चालु आर्थिक वर्ष २०८२/८३ मा पहिलो पटक Macroeconomic Report प्रकाशित गरिएको छ ।

१२७. नेपालको घरजग्गा बजारको विश्लेषण गरिएको 'A Report on the status of Real Estate Market in Nepal' विषयक अध्ययन प्रतिवेदन प्रकाशन गरिएको छ ।

१२८. उपभोक्ता मूल्य सूचकाङ्क गणना गर्ने विधिमा भएका उल्लेख्य सुधारहरू समावेश गरी 'Report on Compilation of Consumer Price Index in Nepal' प्रकाशन गरिएको छ ।

१२९. ‘कोशी प्रदेशमा स्टार्टअप उद्यमको प्रवृत्ति’ विषयक अध्ययन प्रतिवेदन प्रकाशन गरिएको छ ।

१३०. 'Present Situation of Micro, Small and Medium Enterprises (MSMEs) in Chitwan and Makwanpur' विषयक अध्ययन प्रतिवेदन प्रकाशन गरिएको छ ।

१३१. शोधनान्तर तथ्याङ्कलाई थप परिष्कृत गर्ने सन्दर्भमा सञ्चार सेवासम्बन्धी सर्वेक्षण, विद्युतीय माध्यमबाट हुने शोधनान्तर तथ्याङ्कसँग सम्बन्धित कारोबारको सर्वेक्षण, हुलाक तथा हवाई सेवासम्बन्धी सर्वेक्षण र नेपाल शोधनान्तर (Neso 3) को विषयमा अध्ययन कार्य सम्पन्न भएको छ ।

१३२. वैदेशिक लगानीसम्बन्धी अद्यावधिक तथ्याङ्कका लागि Foreign Direct Investment (FDI) in Nepal सम्बन्धमा सर्वेक्षण गरी प्रतिवेदन प्रकाशन गरिएको छ ।

१३३. २०८२ वैशाखदेखि फागुनसम्म दुई वटा Working Paper र NRB Economic Review का दुई वटा अङ्क प्रकाशनमा आएका छन् ।

**अन्तर्राष्ट्रिय सम्बन्ध**

१३४. यस बैंकले विकास गर्ने CBDC Sandbox परीक्षणका लागि बैंक र स्विट्जरल्यान्डस्थित SICPA SA ले विकास गरेको CBDC प्रणालीबीच जानकारी प्राप्त गर्न Testing Agreement सम्पन्न भएको छ ।

१३५. यस बैंक र भारतीय रिजर्भ बैंकबीच Secondment Agreement under the Terms of Engagement on HR Cooperation सम्बन्धी सम्झौता भएको छ ।

१३६. अन्तर्राष्ट्रिय वित्त निगम (IFC) सँग २०८२ मङ्सिरमा Nepal Climate Finance Advisory Project सम्बन्धी सम्झौता भएको छ ।

१३७. नेपालको आर्थिक तथा वित्तीय क्षेत्र सुधारका लागि सन् २०२२ मा अन्तर्राष्ट्रिय मुद्रा कोषबाट स्वीकृत Extended Credit Facility (ECF) को सातौँ तथा अन्तिम समीक्षाअन्तर्गत 'Staff Level Agreement' सम्पन्न भएको छ ।

१३८. यस बैंक र भारतीय रिजर्भ बैंकबीच Joint Technical Coordination Committee (JTCC) को नवौं बैठक २०८२ कात्तिक १७ गते काठमाडौंमा सम्पन्न भएको छ । नेपाल र भारतका केन्द्रीय बैंकका अधिकारीहरू सम्मिलित यस समितिले दुई केन्द्रीय बैंकबीच पारस्परिक सहयोगका क्षेत्र पहिचान गर्दै संयुक्त अध्ययन, प्राविधिक सहयोग तथा सूचना आदानप्रदान लगायतका कार्य गर्दै आएको छ ।

१३९. '2025 Bank of Korea-Knowledge Partnership Program (BOK-KPP)' अन्तर्गत 'Liberalization of Foreign Exchange Policy and Capital Flow Management' विषयमा बैंक अफ कोरियासँग २०८२ साउनमा द्विपक्षीय सम्झौता भएको र उक्त विषयको अध्ययन सम्पन्न गरी प्रतिवेदन यस बैंकको वेबसाइटमा प्रकाशन गरिएको छ ।

**अन्त्यमा,**

१४०. अर्थतन्त्रमा विभिन्न आरोह अवरोहका बीच वित्तीय स्थायित्व कायम रहेको छ । तथापि, पछिल्लो समय पश्चिम एसियाको युद्धले समग्र अर्थतन्त्र र वित्तीय क्षेत्रमा पार्ने प्रभावको नियमित अध्ययन गरी सजग रहन आवश्यक छ । बैंक तथा वित्तीय संस्थालाई सबल र थप प्रतिस्पर्धी बनाउँदै वित्तीय सेवा र सोको लागत/प्रतिफल निर्धारण समयानुकूल बनाउन एवम् सरल नियमन र सुदृढ सुपरिवेक्षणमा जोड दिन नेपाल राष्ट्र बैंक प्रतिबद्ध छ । बैंक तथा वित्तीय संस्थासम्बन्धी विद्यमान व्यवस्थामा आवश्यक पुनरावलोकन गर्न नियमनलाई अन्तर्राष्ट्रिय असल अभ्यास अनुरूप हुनेगरी परिमार्जन गर्ने एवम् बैंकको सुपरिवेक्षकीय क्षमता, पद्धति र प्रणालीमा सुधार गर्नेतर्फ हाम्रो जोड रहनेछ ।

१४१. यस बैंकको उद्देश्य प्राप्तिका लागि अग्रपङ्क्तिमा रहेर अहोरात्र खटिने बैंकका सम्पूर्ण कर्मचारीहरू धन्यवादका पात्र हुनुहुन्छ । बैंकको ७१ औं वार्षिकोत्सवको यस गरिमामय अवसर एवम् देशको परिवर्तित सन्दर्भमा बैंकका सम्पूर्ण कर्मचारीलाई म आगामी दिनमा अझ जुझारु, लगनशील र दत्तचित्त भई यस बैंकको गरिमा उच्च राख्ने गरी कार्य गर्नुहुन आग्रह गर्दछु ।

१४२. वार्षिकोत्सवको अवसरमा २० वर्षे सेवा उपहारबाट सुशोभित हुनुहुने कर्मचारीहरूलाई हार्दिक बधाई ज्ञापन गर्दै बैंकप्रति उहाँहरूको समर्पणको म उच्च सम्मान गर्दछु । यसका साथै बैंकको ७१ औं वार्षिकोत्सवका अवसरमा सर्वोत्कृष्ट र उत्कृष्ट सेवा पुरस्कार प्राप्त गर्ने कर्मचारीलाई बधाई ज्ञापन गर्दछु । त्यस्तै, यस अवसरमा आयोजित खेलकुद लगायतका विभिन्न विधामा पुरस्कृत र सहभागी हुने कर्मचारीलाई समेत म बधाई ज्ञापन गर्दछु ।

१४३. वार्षिकोत्सवको अवसरमा बैंकको उद्देश्य प्राप्तिका लागि आ-आफ्नो तर्फबाट महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहनुभएका बैंक सञ्चालक समितिका पदाधिकारीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। बैंकको गरिमा उच्च राख्न महत्वपूर्ण योगदान पुऱ्याउनु हुने पूर्व कार्यकारी निर्देशक एवम् पूर्व कर्मचारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यस बैंकको कामकारबाहीलाई सफल तुल्याउन निरन्तर सहयोग गर्ने अर्थ मन्त्रालयलगायत अन्य सरकारी निकाय, बैंक तथा वित्तीय संस्था, निजी क्षेत्रका संघसंस्था, सञ्चार क्षेत्र, प्रबुद्ध वर्ग, अन्तर्राष्ट्रिय मुद्रा कोष र अन्य दातृ निकाय, अन्तर्राष्ट्रिय संघसंस्था र सर्वसाधारण सबैमा यस अवसरमा म हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद ।** **२०८३ वैशाख १४**